गाउँपालिका अध्यक्ष श्री तुल्सीराम पुन मगर ज्यूद्धारा
दोस्रो गाउँसभाको नवौं अधिवेशनमा प्रस्तुत भएको
आ.ब. २०८३/०८४ को
वार्षिक नीति तथा कार्यक्रम

बंगलाचुली गाउँपालिका
कमिरेचौर, दाङ्ग
०९ असार, २०८३

# बंगलाचुली गाउँपालिका
# आर्थिक वर्ष २०८३/०८४ को नीति तथा कार्यक्रम

**सभाका अध्यक्षज्यू, गाउँसभाका सम्पूर्ण सदस्यज्यूहरू, राष्ट्रसेवक कर्मचारी मित्रहरू, शिक्षक, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी,संचारकर्मी,किसान, मजदुर, युवा, महिला, तथा वालवालिका ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू, उद्यमी व्यवसायी तथा बंगलाचुली गाउँपालिकावासी आमाबुवा, दाजुभाइ तथा दिदीबहिनीहरू।**

सर्वप्रथम, यस गौरवमय अवसरमा नेपालको सार्वभौमसत्ता, स्वाधीनता, भौगोलिक अखण्डता, संघीय लोकतान्त्रिक गणतन्त्र स्थापना, देश र जनताको आमूल परिवर्तनका लागि २००७ सालको प्रजातान्त्रिक आन्दोलन, २०४६ सालको जनआन्दोलन, ऐतिहासीक महान सशस्त्र संघर्ष,सोको जगमा भएको २०६२/०६३ को जनआन्दोलन तथा अन्य विभिन्न लोकतान्त्रिक संघर्ष र जेन-जी आन्दोलनको क्रममा आफ्नो अमुल्य जीवनको वलिदान गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरुप्रति उच्च सम्मान सहित भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछु । साथै सम्पूर्ण घाइते, वेपत्ता तथा सहिद परिवारहरुप्रति उच्च सम्मान प्रकट गर्दछु । मुलूकको राजनैतिक तथा सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरुप्रति उच्च आदार तथा सम्मान अर्पण गर्दछु ।

आज म यस गरिमामय गाउँसभामा उभिँदा केवल अर्को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गरिरहेको छैन। यो हाम्रो निर्वाचित जनप्रतिनिधिको पाँचवर्षे यात्राको अन्तिम मोड हो। यो समय केवल योजना र कार्यक्रम सुनाउने समय होइन, यो आत्मसमीक्षा गर्ने समय हो; जनतासँग गरेका वाचाहरू सम्झिने समय हो; सफलताहरूको समीक्षा र कमजोरीहरूको स्वीकारोक्ति गर्ने समय हो। अझ भनौं, यो जनताको विश्वास र जनप्रतिनिधिको जिम्मेवारीबीचको पाँच वर्ष लामो यात्राको एउटा भावनात्मक अध्यायको अन्तिम पृष्ठ हो।

हामीले जनताको मतबाट जिम्मेवारी पाउँदा बंगलाचुलीका प्रत्येक घरमा आशा थियो। प्रत्येक टोलमा विकासको अपेक्षा थियो। प्रत्येक युवाको मनमा अवसरको सपना थियो। हामीले ती सपनाहरूलाई आफ्नो दायित्वका रूपमा ग्रहण गर्‍यौं। तर यो यात्रा सजिलो थिएन। सीमित स्रोत-साधन, बढ्दो जनअपेक्षा, प्राकृतिक विपद्, आर्थिक मन्दी, संघीय तथा प्रदेश तहबाट हुने स्रोत व्यवस्थापनका चुनौतीहरू र बदलिँदो राजनीतिक परिस्थितिका बीच हामीले जनताको विश्वासलाई केन्द्रमा राखेर काम गर्ने प्रयास गर्‍यौं।

विगत पाँच वर्षको अवधिमा हामीले विकासलाई केवल सडक, भवन र संरचनाको निर्माणमा सीमित राखेनौं। विकासको वास्तविक अर्थ मानव जीवनको गुणस्तर सुधार हो भन्ने विश्वासका साथ शिक्षा, स्वास्थ्य, कृषि, सामाजिक न्याय, सुशासन, रोजगारी र नागरिक सम्मानलाई समान महत्व दिएका छौं। किनकि हामीले बुझेका छौं—समृद्ध गाउँपालिकाको आधार केवल भौतिक विकासमात्र होइन, शिक्षित नागरिक, स्वस्थ परिवार, आत्मनिर्भर किसान, सिर्जनशील युवा र सम्मानित ज्येष्ठ नागरिक हुन्।

स्वास्थ्य क्षेत्रलाई हामीले जनताको आधारभूत अधिकारको रूपमा ग्रहण गर्‍यौं। विपन्न नागरिकको उपचारमा सहयोग पुग्ने व्यवस्था गरियो। स्वास्थ्य संस्थाहरूको क्षमता अभिवृद्धि गरियो। मातृ तथा शिशु स्वास्थ्यलाई विशेष प्राथमिकता दिइयो। स्वास्थ्य सेवा नागरिकको पहुँचभित्र पुर्‍याउने प्रयास गरियो। आज स्वास्थ्य सेवाको क्षेत्रमा भएका सुधारहरूले जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याएको अनुभूति हामीले गरेका छौं।

शिक्षा क्षेत्र हाम्रो विशेष प्राथमिकतामा रह्यो।नेपालकै इतिहासमा बंगलाचुली गाउँपालिकाले शिक्षा क्षेत्रमा धेरै लगानि गरेको छ । यस पालिकाको कुल बजेटको झण्डै ३५ प्रतिशत बजेट शिक्षामा लगानी गरेकोछ ।हाम्रो पालिकाको तर्फबाट शिक्षक,कर्मचारी र वालविकास शिक्षक गरी १०२ जनालाई यहाँका विद्यालयहरुमा पालिकाको तर्फबाट दरवन्दी मिलान गरेको छ ।साथै विद्यालयमा विद्यालयका भवनहरू निर्माण भए, भौतिक पूर्वाधार सुधार गरियो, त्यतिमै सीमित नरही गुणस्तरीय शिक्षामा जोड दिइयो। विद्यालयलाई केवल पाठ्यपुस्तक पढाउने थलो नभई सामुदायिक विद्यालयहरुमा अंग्रेजी माध्यमको क्रमशः विकास गरिदै लगिएको छ । संस्कार,

सीप, चरित्र र भविष्य निर्माण गर्ने केन्द्र बनाउने अभियान अघि बढाइएको छ । किनकी आजको विद्यार्थी नै भोलि देश निर्माण गर्ने आधार हो।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरू**

विकासको यात्रामा कुनै पनि समाजको समृद्धिको आधार भौतिक पूर्वाधारलाई मानिन्छ। हामीले बंगलाचुलीको विकासको सपना देख्दा केवल योजना बनाएका थिएनौं, जनताको जीवन परिवर्तन गर्ने संकल्प गरेका थियौं। आज कार्यकालको अन्तिम वर्षमा उभिएर पछाडि फर्केर हेर्दा अनेकौं चुनौतीका बीच पनि बंगलाचुलीको भौतिक पूर्वाधार विकासमा हासिल भएका उपलब्धिहरूले हामीलाई गर्व गर्ने आधार प्रदान गरेका छन्।

कुनै समय वर्षातको मौसममा हिलो र धुलोले जनजीवन कष्टकर बनाउने सडकहरू आज स्तरोन्नति हुँदै गाउँलाई विकासको मूलधारसँग जोडिरहेका छन्। टोल-टोललाई सडक सञ्जालले जोड्ने अभियान अन्तर्गत गाउँपालिकाका विभिन्न वडाहरूमा नयाँ सडक निर्माण, सडक स्तरोन्नति, ग्राभेल तथा कालोपत्रे विस्तारका कार्यहरू भएका छन्। ती सडकहरू केवल यातायातका साधन होइनन्, ती किसानका उत्पादन बजारसम्म पुऱ्याउने बाटा हुन्, बिरामीलाई अस्पतालसम्म पुऱ्याउने जीवनरेखा हुन्, विद्यार्थीलाई विद्यालयसम्म सहज पहुँच दिने आशाका मार्ग हुन्।

हामीले निर्माण गरेका पक्की पुलहरू केवल नदीमाथिका संरचना होइनन्, ती वर्षौंदेखि भौगोलिक विकटताले छुट्टिएका बस्तीहरूलाई जोड्ने विश्वासका प्रतीक हुन्। हिजो वर्षातका बेला जोखिम मोलेर खोला तर्नुपर्ने बाध्यता थियो, आज सुरक्षित आवतजावतको वातावरण बनेको छ। ती पुलहरूले केवल दुई किनारा जोडेका छैनन्, विकास र अवसरबीचको दुरी पनि घटाएका छन्।

गाउँपालिकाभित्र निर्माण भएका झोलुङ्गे पुलहरूले दुर्गम बस्तीका नागरिकको दैनिक जीवनलाई सहज बनाएका छन्। विद्यालय जाने बालबालिका, स्वास्थ्य सेवा लिन जाने गर्भवती महिला, बजार पुग्ने किसान र आफ्नो गन्तव्यतर्फ हिँड्ने सर्वसाधारणका लागि यी पुलहरू विकासका जीवन्त उदाहरण बनेका छन्। कतिपय ठाउँमा जहाँ वर्षौंसम्म पुल निर्माणको कल्पना मात्र गरिन्थ्यो, आज त्यहाँ जनताको सपना साकार भएको छ।

खानेपानीका योजनाहरूले हजारौं नागरिकको जीवनस्तरमा गुणात्मक परिवर्तन ल्याएका छन्। हिजो घण्टौं टाढाबाट पानी बोकेर ल्याउनुपर्ने बाध्यता झेल्ने आमाहरूको पीडा हामीले देखेका थियौं। आज घरघरमा स्वच्छ खानेपानीको पहुँच विस्तार गर्ने अभियानले जनजीवनलाई सहज बनाएको छ। स्वच्छ खानेपानी केवल सुविधा मात्र होइन, यो स्वास्थ्य, सम्मान र सभ्य जीवनको आधार पनि हो।

कृषिमा बंगलाचुलीलाई बलियो बनाउन सिँचाइ पूर्वाधार विकासमा विशेष जोड दिइएको छ। विभिन्न सिँचाइ कुलोहरूको निर्माण तथा मर्मत सम्भारमार्फत खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्नेकाम गरिएको छ। वर्षाको भरमा खेती गर्नुपर्ने अवस्थाबाट क्रमशः बाहिर निस्कँदै किसानहरूलाई उत्पादन वृद्धि गर्ने आधार तयार भएको छ। खेतसम्म पुगेको पानी केवल सिँचाइको माध्यम होइन, त्यो किसानको अनुहारमा मुस्कान ल्याउने आशाको मुहान हो।

यस अवधिमा गाउँपालिकाभित्र प्रशासनिक भवन, वडा कार्यालय भवन, स्वास्थ्य संस्थाका भवन, विद्यालय भवन, सामुदायिक भवन तथा अन्य सार्वजनिक संरचनाहरू निर्माण र स्तरोन्नति गरिएका छन्। यी भवनहरू केवल ईँटा, ढुंगा र सिमेन्टका संरचना मात्र होइनन्, ती राज्यको उपस्थितिको अनुभूति दिलाउने केन्द्रहरू हुन्। जनताले सहज सेवा पाउने वातावरण निर्माण गर्नु नै यी पूर्वाधारहरूको मूल उद्देश्य हो।

आज बंगलाचुलीका विभिन्न बस्तीहरूमा देखिएका सडक, पुल, खानेपानी, सिँचाइ तथा सार्वजनिक संरचनाहरू हाम्रो पाँच वर्षे प्रयासका साक्षी बनेका छन्। यद्यपि हामीले सबै आवश्यकता पूरा गरिसकेका छैनौं। अझै धेरै सडक निर्माण हुन बाँकी छन्, अझै धेरै बस्तीमा खानेपानी विस्तार गर्न बाँकी छ, अझै धेरै खेतमा सिँचाइ पुऱ्याउन बाँकी छ। तर एउटा सत्य के हो भने हामीले विकासको यात्रा रोकेका छैनौं; हामीले त्यसको बलियो आधार निर्माण गरेका छौं।

हामीले निर्माण गरेका यी पूर्वाधारहरू केवल आजका लागि होइनन्, भोलिका पुस्ताका लागि पनि सम्पत्ति हुन्। यी संरचनाहरूले आगामी वर्षहरूमा बंगलाचुलीको आर्थिक, सामाजिक र सांस्कृतिक रूपान्तरणलाई थप गति दिनेछन् भन्ने विश्वास लिएका छौं। विकासका यी उपलब्धिहरू कुनै एक व्यक्ति, पद वा राजनीतिक दलका उपलब्धि होइनन्। यो सम्पूर्ण बंगलाचुलीवासी जनताको साझा मेहनत, विश्वास र सहकार्यको प्रतिफल हो। त्यसैले हामी यी उपलब्धिहरूको स्वामित्व सम्पूर्ण नागरिकलाई समर्पण गर्दछौं। हामी जान्दछौं, इतिहासले केवल वाचा गर्नेहरूलाई होइन, काम गर्नेहरूलाई सम्झिन्छ। आज निर्माण भएका सडक, पुल, भवन, खानेपानी र सिँचाइका संरचनाहरूले भोलि पनि साक्षी दिइरहनेछन् कि यो कार्यकालले बंगलाचुलीको विकास यात्रामा एउटा महत्वपूर्ण अध्याय लेखेको थियो।

कृषि क्षेत्रलाई हामीले गाउँपालिकाको अर्थतन्त्रको मेरुदण्डका रूपमा लिएका छौं। किसानका पसिनालाई सम्मान गर्ने उद्देश्यले उत्पादन वृद्धि, व्यवसायीकरण, सिँचाइ विस्तार तथा लगानिमा आधारित अनुदानका कार्यक्रमहरू सञ्चालन गरिएका छन्। हाम्रो विश्वास छ—कृषि केवल पेशा होइन, सम्मानजनक जीवनको आधार हो।

**आदरणीय गाउँसभाका सदस्यज्यूहरू तथा उपस्थित सम्पूर्ण महानुभावहरू,**

आजको युगमा युवाशक्ति नै परिवर्तनको संवाहक हो। तर अवसरको अभावले हजारौं युवा विदेशिन बाध्य भएका छन्। यो पीडालाई हामीले नजिकबाट महसुस गरेका छौं। त्यसैले विभिन्न खालका सीप विकास तालिम, उद्यमशीलता र स्वरोजगारका कार्यक्रममार्फत स्वदेशमै केही गर्नुपर्छ भन्ने भावनाको विकास गर्ने प्रयास गरियो। यद्यपि यो पर्याप्त छैन भन्ने आत्मबोध हामीलाई छ। अझ धेरै काम गर्न बाँकी छ, अझ धेरै सपना पूरा गर्न बाँकी छन्।

महिलाको नेतृत्व विकास,सिप विकास,आर्थिक सशक्तीकरण र सामाजिक सहभागितालाई विशेष महत्व दिइयो। दलित, जनजातितथा पछाडि पारिएका समुदायलाई विकासको मूलधारमा ल्याउन विभिन्न कार्यक्रमहरू सञ्चालन गरिए। हामीले विकासको केन्द्रमा सामाजिक न्यायलाई राखेका छौं। किनकि समाजको अन्तिम पंक्तिमा रहेको नागरिकसम्म विकासको प्रतिफल नपुगेसम्म समृद्धिको यात्रा पूर्ण हुन सक्दैन।

ज्येष्ठ नागरिक, सहिद परिवार, मजदुर, अपाङ्गता भएका व्यक्ति तथा विपन्न समुदायप्रति विभिन्न खालका सहयोग कार्यक्रम,सामाजिक सुरक्षका कार्यक्रमबा माध्यमबाट राज्यको दायित्वलाई व्यवहारमा उतार्ने प्रयास गरिएको छ। मानवीय संवेदनालाई विकासको केन्द्रमा राखेर कार्यक्रमहरू सञ्चालन गरिएका छन्। हामीले विकासलाई केवल तथ्याङ्क र प्रतिवेदनमा होइन, नागरिकको जीवनमा देखिने परिवर्तनका रूपमा बुझ्ने प्रयास गरेका छौं।

**गाउँसभाका सदस्यज्यूहरु,**
**आदरणीय उपस्थित महानुभावहरू,**

आज देशको राजनीतिक परिवेशले एउटा नयाँ मोड लिएको छ। अहिले समग्र राष्ट्रको नेतृत्व युवापुस्ताको हातमा पुगेकोछ। जनतामा अपेक्षा पनि छन्, प्रश्नहरू पनि छन्। लोकतन्त्रप्रतिको विश्वासलाई अझ बलियो बनाउनु

हाम्रो साझा दायित्व हो। यस्तो परिस्थितिमा स्थानीय सरकार जनताको सबैभन्दा नजिकको सरकारका रूपमा उभिएको छ। हामीले त्यो जिम्मेवारीलाई इमानदारीपूर्वक निर्वाह गर्ने प्रयास गरेका छौं।

अब हामी कार्यकालको अन्तिम वर्षमा प्रवेश गरेका छौं। यो नीति तथा कार्यक्रम विगतका उपलब्धिहरूको निरन्तरता मात्र होइन, आगामी पुस्ताका लागि मार्गचित्र पनि हो। स्वास्थ्य, शिक्षा, कृषि, पर्यटन, उद्यमशीलता, वातावरण संरक्षण, डिजिटल सुशासन र सामाजिक सुरक्षाका क्षेत्रमा अझ प्रभावकारी काम गर्ने प्रतिबद्धता व्यक्त गर्दछौं।

हामी प्रत्येक टोलमा विकासको अनुभूति, प्रत्येक घरमा आशाको उज्यालो र प्रत्येक नागरिकको अनुहारमा आत्मविश्वासको मुस्कान देख्न चाहन्छौं। विकास कुनै एक व्यक्ति, दल वा समूहको स्वामित्वको विषय होइन। यो सम्पूर्ण बंगलाचुलीवासीहरूको साझा सपना हो। त्यसैले सबै राजनीतिक दल, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत तथा आम नागरिकलाई विकास यात्राका सहयात्री बन्न हार्दिक आह्वान गर्दछु।

हामी अझै पूर्ण छैनौं। कतिपय अपेक्षाहरू पूरा गर्न सकेनौं होला। कतिपय सपना अधुरा पनि छन्। तर एउटा कुरा निर्धक्कसँग भन्न सक्छौं—हामीले जनताको हितलाई केन्द्रमा राखेर, इमानदारी, निष्ठा र समर्पणका साथ काम गर्ने प्रयास गरेका छौं। यही प्रयास, यही प्रतिबद्धता र यही विश्वास नै हाम्रो पाँच वर्षे यात्राको सबैभन्दा ठूलो उपलब्धि हो। आगामी दिनमा पनि जनताको सुख-दुःखमा साथ रहने, विकास र समृद्धिको यात्रालाई निरन्तरता दिने तथा बंगलाचुलीलाई अझ समुन्नत, समावेशी र आत्मनिर्भर गाउँपालिका बनाउने संकल्पसहित यो नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु। बंगलाचुली गाउँपालिकाको **"मानवीय विकास,भौतिक पूर्वाधार र उत्पादनमा लगानी, सम्वृद्ध बंगलाचुलीको बिहानी"**भन्ने दिर्घकालिन सोच निर्माण भएको सर्वविदितै छ ।दिगोविकास लक्ष्य र गाउँपालिकाको आवधिक योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरु कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक-सामाजिक रुपान्तरण सहितको समानुपातिक समावेशी विकास, संमृद्धि र सुशासन हाँसिल गर्ने दिशामा हाम्रा कार्यक्रमहरु केन्द्रित रहेका छन् ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अबम बंगलाचुली गाउँपालिकाको आ.व. ०८३/०८४ को नीति तथा कार्यक्रम तर्जुमा गर्दा लिएका आधारहरु प्रस्तुत गर्दछु :

नेपालको संविधानको प्रस्तावना, मौलिक हक, एकल तथा साझा अधिकारका सूची, संघीय सरकार तथा प्रदेश सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु, संघ, प्रदेश सरकारले अबलम्वन गरेका आर्थिक तथा वित्त नीति, **बंगलाचुली गाउँपालिका** आवधिक विकास योजनाले तय गरेका प्राथमिकता, नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धता, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य स्थानीय सरकारसँग सम्बन्धित कानून ,नेपाल सरकारको नीति तथा कार्यक्रम, लुम्बिनी प्रदेश सरकारको आगामी आ.व.को लागि तर्जुमा भएको वार्षिक नीति, कार्यक्रम तथा बजेट, यस गाउँपालिकाका जनप्रतिनिधिले दिनुभएको सुझावलाई मार्गदर्शनको रुपमा लिएको छु ।

**गाउँसभाका सदस्यज्यूहरु,**

अब म बंगलाचुली गाउँपालिकाको आ.व. ०८३/०८४ को नीति कार्यक्रम तथा बजेटले राखेका उद्देश्य तथा प्राथमिकताहरु प्रस्तुत गर्दछु ।

## <u>सामाजिक विकास तर्फ</u>

## क) <u>शिक्षा, युवा तथा खेलकुद क्षेत्रको क्षेत्रगत नीति</u>

१) बंगलाचुली गाउँपालिकाभरका सामुदायिक विद्यालयहरुमा प्रारम्भिक बाल विकास कक्षा देखी दश कक्षा सम्मनिःशुल्क शिक्षा दिनेकार्यलाई निरन्तरता दिइनेछ ।निःशुल्क शिक्षाका लागि विद्यालयलाईअनुदान प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

२) पालिकाका बिद्यालयलाई दिईने प्रोत्साहन अनुदान र अतिरिक्त भौतिक बिकासको बजेटलाईकार्यसम्पादन रनतिजाको प्रगतिका आधार प्रदान गरिने छ ।

३) विद्यालय शिक्षामा गुणस्तर, पहुँच, समता, प्रविधिसहितको सीपयुक्त शिक्षा प्रदान गर्नेनीतिलाई निरन्तरता दिइनेछ ।

४) पालिकाका सामुदायिक विद्यालयमा शिक्षककोव्यवस्थापन गर्ने कामलाई निरन्तता दिईने छ।

५) सामुदायिक विद्यालयहरुको चल अचल सम्पतीको अभिलेख व्यवस्थापन, संरक्षणगर्नेनीतिलाईनिरन्तरता दिइनेछ ।

६) गाउँपालिकाभरको विद्यालयमा निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, छात्राहरुका लागिसेनिटरीप्याड, तोकिएको कक्षाका सामुदायिक विद्यालयमा दिवाखाजा कार्यक्रमव्यवस्थित रूपमा सञ्चालन गरिनेछ ।

७) संघ तथा प्रदेश सरकारको सहकार्य र साझेदारीमा विद्यालयमा शैक्षिक तथा भौतिक पूर्वाधारविकासकार्यलाई निरन्तरता दिइनेछ ।

८) गाँउपालिका भित्रका सम्पूर्ण सामुदायिक विद्यालयहरुको शैक्षक गुणस्तर अभिबृद्धि गर्दैकक्षा ८ र कक्षा १० को पालिका/राष्ट्रिय परीक्षामा शतप्रतिशत नतिजा हासिल गर्नका लागि थप योजना तयगरिनेछ ।

९) शिक्षा,नैतिक शिक्षा, समाज, परिवार, राजनीति र राष्ट्रप्रति विद्याविद्यार्थीहरुको दृष्टिकोण, विचार र उनिहरुको समस्या आवश्यकतालाई प्रत्यक्ष रुपमा सुन्न तथा स्थानीयसरकारका योजना र सेवा बारे जानकारी दिन आधारभूत तहदेखि माथिका कक्षा संचालन भएका विद्यालयहरुमा अतिरिक्त क्रियाकलाप हुने वारकादिन**"विद्यार्थीसंग गाउँपालिका"** कार्यक्रम सञ्चालनगरिनेछ ।यस कार्यक्रममा विद्यार्थी, शिक्षक र अभिभावकको सहभागितामा गरिनेछ ।

१०) बंगलाचुलीका प्रत्येक सामुदयिक बिद्यालयले परिक्षामाअत्कृष्ट नतिजा ल्याउनका लागि कमजोर विद्यार्थी पहिचान रबिषेश कक्षा सञ्चालन सम्बन्धी ठोस कार्ययोजना बनाईपालिकामा पेस गर्नुपर्ने व्यवस्थालाई अनिवार्य गरिनेछ ।

११) उत्कृष्ट कार्यसम्पादन गरी शत प्रतिशत नतिजा निकाल्ने विद्यालयका प्रधानाध्यापक, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र विषय शिक्षकहरुलाई उत्कृष्ट शैक्षिक नेतृत्वपुरस्कारद्वारा सम्मान गरिनेछ ।

१२) लगातार दुई शैक्षिक शत्र सम्म सम्झौता बमोजिम न्यूनतम शैक्षिक सुधार गर्न नसक्नेप्रधानाध्यापकको जिम्मेवारी हेरफेर गरिनेछ भने वि.व्य.स. लाई पुनर्गठनका लागिआवश्यक कदम चालिने छ ।

१३) विद्यालयहरुमा अध्ययनरत विद्यार्थीलाई स्वयंसेवि भावना, कर्तव्यनिष्ठ,अनुशासित,स्वावलम्बी, सच्चरित्रवान तथा सुयोग्य नागरिक बनाउने उद्देश्यका साथ स्काउट, NCC,आत्मरक्षा, जुनियर रेडक्रस लगायतका तालिमहरु सञ्चालन गरिनेछ ।

१४) विद्यालय शिक्षालाई प्रभावकारी बनाउन प्रधानाध्यापकका लागि नतिजामुखी विद्यालयव्यवस्थापन तथा नेतृत्व विकास तालिम सञ्चालन गरिनेछ ।

१५) बंगलाचुली गाउँपालिकाका अति विपन्न, विपन्न दलित, अभिभावक गुमाएका, द्वन्द पीडित, घाइते अपाङ्गताभएका, वेपत्ता परिवार, सहिद परिवारकाबालबालिका, पारिवारिक विचलनमा परेका बालबालिकाहरुलाई पोशाक तथा स्टेशनरीउपलब्ध गराउने कार्यका लागि **गाउँपालिका शैक्षिक** सहयोग कार्यक्रमको सुरुवात गरिने छ ।

१६) सूचना प्रविधिको अत्याधिकप्रयोगबाट बालबालिकामा देखिएको मोबाइलको लत न्यूनिकरण गर्ने उद्देश्यले स्थानीयपाठ्यक्रममा आधारित प्रयोगात्मक सिकाइ कार्यक्रम सञ्चालन गरिनेछ ।

१७) गाउँपालिकास्तरियखेलकुद प्रतियोगिता,राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता, वडास्तरिय खेलकुद, विद्यालयस्तरिय खेलकुद प्रतियोगितालाई थप व्यवस्थित गर्दै स्वस्थ र प्रतिस्पर्धी नागरिक निर्माण कार्यक्रम सञ्चालन गरिनेछ । खेल क्षेत्रको विकास, प्रवर्धन र सहयोगको कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

१८) खेल क्षेत्रको विकासको लागि खेलाडी तथा खेलमैदानको विकास गर्दै लगिने छ। बंगलाचुली गाउँपालिकाको युवा नीति निर्माण गरिनेछ ।युवाहरुको परिचालनमार्फत समाज रुपान्तरण गर्ने युवा लक्षित कार्यक्रमहरु सञ्चालन गरिनेछ ।गाउँपालिकामा खेलकुदको समग्र विकास तथा उत्कृष्ट खेलाडी उत्पादन गर्न विद्यालय तह देखि नै खेलाडीहरुको पहिचान र विकास गरिने छ । युवा नेतृत्व तथा क्षमता विकासका लागि युवाकेन्द्रित कार्यक्रम बनाइने छ ।

१९) खेलकुदका माध्यमबाट युवाहरुलाई अगाडी बढाउन बंगलाचुली कप खेलकूद प्रतियोगितालाई निरन्तरता दिईने छ । वडा तथा टोलस्तरमा विभिन्न विधाका खेलकूद क्लबहरुलाई खेल आयोजनाका लागि प्रोत्साहन गर्न मापदण्ड बनाएर सहयोग गर्ने कार्यक्रम बनाइने छ।हरेक वडामा खेल मैदान र खेलकुद प्रतियोगीता सञ्चालनको व्यवस्था गरिने छ ।

२०) लागु औषध दुर्व्यसनलाई नियन्त्रण तथा निरुत्साहित गर्न युवा क्लवहरुसँगको सहकार्यमा सचेतना कार्यक्रम सञ्चालन गरिने छ ।साथै वढ्दै गईरहेको महिला हिंसा,घरेलु हिंसार यौनजन्य हिंसाको न्यूनिकरण तथा युवाहरुलाई दुर्व्यसन बाट टाढा राख्न युवा तथा किशोर किशोरीका लागि आत्मरक्षा,मनोरामर्श र क्षमता विकासका कार्यक्रमहरु कार्यान्वयनमा ल्याईनेछन् ।

**गाउँसभाका सदस्यज्यूहरु,**

**<u>ख)स्वास्थ्य तथा सरसफाई तर्फ</u>**

हरेक मानिस स्वस्थ रहन जरुरी छ ।यसर्थ बंगलाचुली गाउँपालिकामा नागरिकको स्वास्थ्य सेवाका लागि **स्वस्थ र मर्यादित जीवनयापन नागरिकको अधिकार, स्थानीय सरकारको मुल कार्यभार** भन्ने मूल लक्ष्य लिई आर्थिक वर्ष २०८३/०८४ का लागि स्वाथ्य तर्फ निम्न नीति तथा कार्यक्रम ल्याइएको छ ।

१) आधारभूत स्वास्थ्य सेवाहरु खोप,मातृ तथा नवजात शिसु स्वास्थ्य,परिवारनियोजन सेवा,प्रजनन स्वस्थ्य,सरुवाजन्य रोगहरु,नसर्नेरोगहरु,मानसिक स्वास्थ्य,जेष्ठनागरीक स्वास्थ्य सेवा,सामन्य आकस्मिक सेवा, स्वास्थ्य प्रवर्द्धन र आयुर्वेदिक तथा वैकल्पीक स्वास्थ्य सेवा जस्ता आधारभूत सेवा बंगलाचुली गाउँपालिका द्वारा सुनिश्चित गरिनुका साथै आधारभूत अस्पताल बंगलाचुलीको सेवामा थप व्यवस्थित गर्दै आधुनिक प्रयोगशाला सेवा र अत्याधुनिक प्रविधिको डिजिटल ए-क्सरे तथा आकास्मीक स्वास्थ्य सेवाको व्यवस्था गरिने छ ।

२) गाउँपालिकालाई पूर्ण संस्थागत सुत्केरी ,पोषणमैत्री पालिका, र पूर्णखोप युक्त गाउँपालिकाको रुपमा विकास गरीने छ । जेष्ठनागरीक उपचार(घरभेट घाट सेवा) थप व्यवस्थित गरिने छ । विभिन्न समयमा गाउँपालिका भित्र विशेषज्ञ चिकित्सक सहितको स्वास्थ्य शिविरहरु संचालन गरिने छ ।

३) सरुवा रोग नियन्त्रण, नसर्ने रोगको रोकथाम सम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूहको परिचालन प्रभावकारीगराउन प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिनेछ ।८० वर्षमाथिका जेष्ठनागरिक, बेसहारा, अपाङ्गता भएका क र ख वर्गका व्यक्तिहरु,सडक दुर्घट्ना, गर्भवति तथा प्रसुति सेवाका लागि गाउँपालिका क्षेत्र भित्रका स्वास्थ्यसंस्था सम्म पुग्न निःशुल्क एम्बुलेन्स सेवा प्रदान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

४) आधारभूत स्वास्थ्य सेवामा उपचारात्मक, प्रवर्धनात्मक, प्रतिकारात्मक, कार्यक्रमलाईनिरन्तरता दिइनेछ ।

५) स्वस्थ तथा आरोग्य समाज निर्माणका लागि प्राकृतिक चिकित्सा, योग ध्यान तथाआयुर्वेदमा आधारित स्वास्थ सेवाको प्रवर्द्धन गरिनेछ। औषधि भन्दा जीवनशैलीपरिवर्तनमा जोड दिईनेछ ।

६) परिवार नियोजन, पोषण, खोप, mental स्वास्थ्य साथै जेष्ठ नागरिक अपाङ्गता भएकाव्यक्ति तथा विद्यालयका बालबालिकाहरुको स्वास्थ्य जाँच तथा उपचारका लागिस्वास्थ्य शिविर सञ्चालन कार्यक्रमलाई निरन्तरता दिई सरकारी गैर सरकारी तथा निजीसंस्थाको समन्वयमा थप प्रभावकारी बनाइनेछ ।स्वास्थ्यकर्मि सामुदायीक महिला स्वास्थ्य स्वयं सेविका आमासमुहको परिचालनप्रभावकारी गराउन प्रोत्साहनको कार्यक्रम सञ्चालन गरिनेछ ।

७) निजी स्वास्थ्य संस्था तथा क्लिनिकहरुको दर्ता तथा नविकरणलाई व्यवस्थित गर्नेनियमित अनुगमन गरिनेछ ।

८) सबै बर्थिङ्ग सेन्टरलाई श्रोतसाधनसहित व्यवस्थित गरिनेछ । जोखिममा परेका गर्भवती तथा सुत्केरीको जीवन रक्षार्थ आएको  गाउँपालिका प्रसुति पोषण कार्यक्रमलाई निरन्तरता दिइनेछ । बंगलाचुली वासीलाई निःशुल्क उपलब्ध हुने अतिआवश्यक औषधिहरु, स्वास्थ्य परीक्षण र आवश्यकताका आधारमा वितरण गरिने छ ।

९) जटिल भौगोलिक अवस्थामा बसोबास गर्ने बंगलाचुलीवासीको आधारभुत स्वास्थ्यमा पहुँच अभिवृद्धि गर्न निशुल्क सुत्केरी एम्बुलेन्स सेवालाई निरन्तरता दिदै लगिनेछ ।गाउँपालिका भित्र रहेका गर्भवती महिलालाई सुरक्षित रुपमा स्वास्थ्य संस्थामा नै आएर बच्चा जन्माउनका लागि प्रोत्साहित गरिनेछ । यसका लागि गाउँपालिकामा रहेको स्वास्थ्य शाखा मार्फत वडामा रहेका गर्भवती महिलाको सुची नियमित रुपमा अद्यावधिक गरी प्रोत्साहन गरिनेछ।

१०) अल्जाईमर, क्यान्सर, पर्किन्सन, मुटु, मिर्गौला, अटिज्म,स्पाइनली इन्जुरी,जस्ता दिर्घरोगबाट पीडित बिरामीको उपचारमा सहयोग गर्न उपचार सहायता कार्यक्रमलाई निरन्तरता दिइनेछ ।पूर्ण सरसफाई अभियानलाई  थप व्यवस्थित गरीनेछ ।

११) दुर दराजमा रही स्वास्थ्य उपचारमा उलेख्य योगदान गरेवापत सम्पूर्ण महिला स्वयंसेविकाहरुलाई प्राप्त हुँदै आएको सुविधामा निरन्तरतादिइनेछ । यस पालिकामा नेपाल सरकारको मापदण्ड अनुसार लक्ष्य हासिल गर्ने गरी खोप कार्यक्रम प्रभावकारी बनाईनेछ ।

१२) गाउँपालिका स्तरमा रहेका स्वास्थ्य संस्थाहरुमार्फत सुरक्षित मातृत्व,वाल पोषण, खोप जस्ता कार्यक्रमलाई प्रभावकारी बनाईने छ भने हाल रहेका स्वास्थ्य संस्थाहरुको आवस्यकता र औचित्यताका आधारमा स्तरोन्नती गरीदै लगीनेछ ।

१३) बंगलाचुली अस्पताललाई विशेषज्ञ सहितको सेवा प्रवाह गर्ने अस्पतालको रुपमा विकास गर्ने कार्यलाई निरन्तरता दिदै अस्पतालको  संस्थागत सक्षमता अभिवृद्धि गरीनेछ ।हाँसिपुर आयुर्वेद औषधालय र कमिरेचौरमा रहेका आयुर्वेद इकाई र अन्य वडामा आयुर्वेद गाउँघर क्लिनिक मार्फत वैकल्पिक चिकित्सा पद्धतिको विकास र विस्तार कार्यलाई निरनतरता दिइनेछ ।मातृ-शिशु स्वास्थ्यमा सुधारका लागि किशोरी, गर्भावस्था र सुत्केरी स्वास्थ्य सचेतना तथा बहुक्षेत्रीय पोषण सम्बन्धी कार्यक्रम निरन्तरता दिइनेछ ।

१४) गाउँपालिकाभित्र रहेका महिलाहरुमा बढ्दो पाठेघरको मुखको क्यान्सरलाई समयमै पत्ता लगाईन्युनिकरण गर्नका लागि कम्तिमा ३ वटा स्वास्थ्य संस्थामा नियमित जाँचको व्यवस्थामिलाइनेछ ।

१५) नसर्ने रोगको बढ्दो प्रकोपलाई रोकथाम तथा नियन्त्रण गर्न समुदायमा नियमित स्क्रिनिङकार्यक्रम तथा जनचेतना अभिबृद्धी लगायतका कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ ।स्वस्थकर व्यवहार र जीवनशैली, सन्तुलित पौष्टिक आहार प्रबर्धन, पत्रु खाना (JUNKFOOD) लाई निरुत्साहित गर्दै रैथाने स्वस्थकर खाना, स्वच्छ भान्सा र स्वच्छताप्रवर्धन गरी नमुना तथा स्वस्थ गाउँ गाउँटोल निर्माणका लागि विभिन्नकार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१६) बिभिन्न आन्दोलनमा सहादत प्राप्त सहिदहरुको बलिदानको सम्मान गर्दै सहिद परिवारस्वास्थ्य सुरक्षा बीमा कार्यक्रम लाई निरन्तरता दिईनेछ।

**गाउँसभाका सदस्यज्यूहरु,**

**ख) <u>लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण तथा न्याय सम्पादन</u>**

महिला, बालबालिका, अपांगता भएका व्यक्तिहरु तथा जेष्ठ नागरिकहरु, आदिवासी जनजाती, दलित, आर्थिक तथा सामाजिक रुपमा पिछडिएको लक्षित वर्गहरु केन्द्रित निम्नलिखित कार्यक्रमहरु लागू गरिने छ ।

१) बंगलाचुली गाउँपालिकाकाको महिला, बालबालिका, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक समानता रसामाजिक समावेशीकरणसम्बन्धी नीति लैङ्गिक समानता, समता, सामाजिक समावेशीकरण, समानुपातिक प्रतिनिधित्व,महिला, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिकहरुको लागि सहयोग र सशक्तिकरणसम्बन्धी कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२) कानुन विपरित ,सामाजिक कुरीति तथा कुप्रथा जस्ताबाल विवाह, बालश्रम, दुर्व्यवहार, लागु पदार्थ दुर्व्यसनी, दाइजो प्रथा, घरेलुहिंसा, लैङ्गिक हिंसा, जातीय विभेद तथा यौनिक अल्प सङ्ख्यक विभेदन्यूनिकरणका कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

३) महिलाको आर्थिक आत्मनिर्भरताको तथा क्षमता अभिवृद्धि र सशक्तिकरणका लागि सीपमूलक तालिम, आय आर्जन र महिला अधिकार सम्बन्धी कार्यक्रम संचालन गरिनेछ । स्थानीय वालमैत्रीशासन कार्यक्रम मार्फत टोलमा बालक्लव र गाउँपालिकामा वालसञ्जाल गठन कार्यलाई निरन्तरता दिईनेछ।

४) वालश्रमशोषण मुक्त गाउँपालिका घोषणाका लागि पूर्वतयारी कार्यक्रम अगाडी बढाइनेछ ।लैङ्गिक समानता तथा सामाजिक समावेशिकरण नीति तथा कार्ययोजना कार्यान्वयनमा ल्याईनेछ।लैङ्गिक समानता तथा सामाजिक समावेशिकरणको परिक्षण(GESI Audit) कार्यालाई निरन्तरता दिइनेछ ।

५) यस गाउँपालिकामा लैङ्गिक उत्तरदायी बजेट निर्माण कार्यमा जोड दिइनेछ।स्थानीय माग र आवश्यकतालाई मध्यनजर गरी लक्षित वर्गको चेतनास्तर वृद्धीसँगै आय आर्जन र नीति निर्माण तथा कार्यान्वयनमा पहुँच अभिवृद्धी गर्ने सामाजिक समावेशिकरण कार्यनीति तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

६) सामाजिक विभेद तथा जातीय छुवाछूत अन्त्यका लागि बनेको कानूनलाई पूर्णरुपमा कार्यान्वयन गरिनेछ ।दलित समुदायका नागरिकलाई रोजगारी, आयआर्जन तथा जीविकोपार्जनको लागि परम्परागत सीप र ज्ञानलाई उद्यमशिलतामा रुपान्तरण गरिने नीति लिइनेछ ।

**ग) <u>कला, संस्कृति र परम्परा प्रवर्धन</u>**

१) यस गाउँपालिकाको एतिहाँसिक कला संस्कृति तथा यहाँ प्रचलनमा रहेका परम्परागत भैलो नाचलाई अझै व्यवस्थित र मर्यादित बनाउँदै राष्ट्रियरुपमा पहिचानका लागि पहल गरिने छ ।

२) आदिवासी, जनजाती,दलित समुदायका भाषा, धर्म, कला, संस्कृति, सम्पदा र परम्परालाई संरक्षण र प्रवर्धन गर्ने नीति अवलम्बन गरिनेछ ।

३) गाउँपालिका क्षेत्रभित्र रहेका मठ मन्दिर, चर्च, सवदाह स्थल/समाधी स्थल लगायतका धार्मिक तथा सांस्कृतिक सम्पदाहरुको संरक्षण र संवर्धनका कार्यक्रम सञ्चालन गरिनेछ ।

४) गाउँपालिकाभित्रको उपयुक्त मगर बाहुल्य क्षेत्रलाई सांस्कृतिक ग्राम घोषणा गरी आन्तरिक पर्यटन प्रबर्द्धन गरिनेछ ।मौलिक तथा परम्परागत संस्कार, संस्कृति, खानपानको प्रवर्धन गर्न संग्राहलय स्थापना तथा सञ्चालनका लागि पहल गरिनेछ ।

**घ) <u>न्यायिक समिति सञ्चालन</u>**

१) न्यायिक समितिको क्षेत्राधिकार भित्र पर्ने मुद्धाहरुको निष्पक्ष छानबिन गरी पिडित पक्षलाई न्यायको प्रत्याभुती हुनेगरी समयमै मुद्धा मामिलाको छिनोफानो गरिनेछ।

२) स्थानीय विवादहरु समाधान / निरुपण एवम् न्याय सम्पादन प्रक्रिया छिटो छरितो र सहज बनाउनको लागी न्यायिक पदाधिकारीहरुको क्षमता अभिवृद्दि गरी हरेक वडामा स्थापना भएका मेलमिलाप केन्द्रहरुलाई व्यवस्थित बनाई मेलमिलापकर्तालाई प्रभावकारी रुपमा परिचालन गर्ने नीति लिइनेछ ।

३) बंगलाचुलीवासीहरुको न्यायमा पहुँचको दायरा फराकिलो बनाउन समय समयमा विभिन्न जनचेतना अभिवृद्धि गर्ने कार्यक्रम गरिनेछ ।

४) न्यायिक समितिका पदाधिकारी तथा गाउँ कार्यपालिकाबाट सूचिकृत मेलमिलापकर्ता तथा सहजकर्ताहरुलाई समयानुकूल पूनर्ताजगी तथा क्षमता विकास सम्बन्धी तालिम प्रदान गरिनेछ।

ङ) <u>व्यक्तिगत घटनादर्तातथा पञ्जीकरण</u>

१) गाउँपलालिकाले सुरुगरेको सामाजिक सुरक्षा भत्ता वितरणको काम सम्वन्धित वडा कार्यालय तथा पायक पर्ने स्थानबाट वितरणकोकामलाई निरन्तरता दिइने छ ।

२) सामाजिक सुरक्षा, व्यक्तिगत घटनादर्ता र राष्ट्रियपरिचय पत्र सम्बन्धी अभिमुकरण/सचेतना तालिम संचालन गरिनेछ ।

३) प्रत्येक वडाहरुमा सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता सम्बन्धी गुनासो सुनुवाई समिति गठन तथा उक्त समितिलाई अभिमुखिकरण गरिनेछ ।

४) सामाजिक सुरक्षा भत्ता वितरण कार्यलाई थप व्यवस्थित गर्न बैंक तथा सरोकारवाला संग आवश्यक परामर्श गरिने छ ।

## <u>आर्थिक विकास</u>

**गाउँसभाका सदस्यज्यूहरु,**

क) <u>कृषि तर्फ</u>

१) बंगलाचुलीको प्रत्येक वडालाई एक विषेश उत्पादनमा (एक गाँउ एक उत्पादन) पहिचान गराउने नीतिलिईनेछ ।कृषिलाई व्यवसायीकरण तथा उत्पादनमा लागत कम गर्न कृषकहरुलाई यान्त्रिकणमासहयोग गरिनेछ ।

२) गाउँपालिकाको कृषि उत्पादनका रुपमा प्रवर्द्धन गर्ने साथै जैविक उत्पादन, प्रशोधन, ब्रान्डिङ र बजारव्यवस्थापन मार्फत मूल्य अभिबृद्धि गर्दै कृषकको आम्दानी बृद्धि र स्थानीय अर्थतन्त्रसुद्धण गर्ने लक्ष्य लिइएको छ।

३) उत्पादनमा आधारित अनुदानकार्यक्रम सञ्चालनमा ल्याइनेछ ।पालिकाभित्र सक्रिय रूपमा कृषि पेशामा संलग्न कृषकको सूचीकरण गरी व्यवसायिककृषि प्रवर्धन गर्न जोड दिईनेछ ।

४) खाद्य सुरक्षा सुनिश्चिताका लागि खाद्यान्न बाली प्रवर्धन कार्यक्रम सञ्चालन गरिनेछ ।कृषक सम्मान कार्यक्रम संचालन गरिनेछ ।

५) बैदेशिक रोजगारीबाट फर्केका वा स्थानीय बेरोजगारयुवाहरुलाई कृषि तथा पशुपालन व्यवसाय शुरु गर्न चहानेहरुलाई आवश्यक सहयोग गरिनेछ ।

६) गाँउपालिकामा दर्ता भएका कृषि/पशुपालन समूह मार्फत कृषि प्रसार कार्यलाईप्रभावकारी बनाउनका लागि प्रेरित गरिने छ ।माटोको गुण अनुसार बाली र उत्पादन क्षमताको निक्र्यौल गरी बाली छनौट गरिनेछ ।

७) बंगलाचुली गाउँपालिकाका कृषि पकेट क्षेत्रमा व्यावसायिकरुपमा नगदे बाली तथा तरकारी उत्पादन कार्यक्रमको नितिलाई जोड दिइनेछ । साथै सहकारी वा निजी क्षेत्रको सहकार्यमा बजारीकरणका लागि संयन्त्र विकास गरिनेछ ।

८) यस गाउँपालिकामा बाँझो जग्गालाई व्यवस्थित गर्न आवश्यक निती वनाईने छ। खाद्य संप्रभुताकालागि कृषिमा रैथाने बिउ संरक्षण र प्रर्वधनको कार्यक्रम गरिनेछ ।स्थानीय रैथाने वालीको संरक्षण,उत्पादन र प्रचारप्रसारलाई जोड दिईनेछ ।

९) पालिकाभित्र सक्रिय रुपमा कृषि पेशामा संलग्न कृषकको सूचीकरण गरी व्यवसायिक कृषि प्रवर्धनमा गर्न जोड दिईनेछ ।कृषक पेन्सन कार्यक्रम लागु गरिनेछ ।उपयुक्त बाली छनौटको लागि संघीय - सरकार, प्रदेश सरकार र अन्य निकायहरुको समन्वयमा माटो परीक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

१०) पालिकामा अर्गानीक खेती प्रणालीको विकासका लागि जैविक तथा प्राङ्गारिक मल उद्योगलाई प्रवर्द्धन गरिनेछ । रासायनिक विषादीको उपयोगलाई निरुत्साहित गरी जैविक विषादीको प्रवर्द्धन गरिनेछ ।साथै विषादी रहित अर्गानिक पालिका घोषणा गर्न आवश्यक कार्यक्रम लागु गरिनेछ ।

११) कृषि औजार तथा प्लास्टिक टनेलमा ५० प्रतिशत अनुदानमा वितरण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।

१२) वेमौसमी तरकारी खेतीको तालिम प्रदान गरिनेछ।

१३) रैथाने जातका वाली संरक्षण र प्रवर्धनको कार्यक्रम गरिने छ ।

१४) सुनौलो हजारदिनका आमाहरुका लागि करेसावरी प्रवर्धन कार्यक्रमलाई निरन्तरता दिईनेछ।

१५) विभिन्न उन्नत तथा नयाँ प्रजातिका फलफूलका वेर्नाहरु वितरण गर्ने कार्यक्रम बनाईनेछ।

**ख)** <u>पशुपन्छी तथा मत्स्य पालन</u>

१) बंगलाचुली गाउँपालिकामा पशुपन्छी उपचार केन्द्र मार्फत निशुल्क पशु उपचार तथाभ्याक्सिनेशन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

२) पशुपन्छीजन्य रोग तथापरजिवी पहिचानका लागि गुणस्तरिय प्रयोगशाला सेवा सञ्चालन गरिनेछ ।पशु नश्ल सुधारका लागि कृत्रिम गर्भाधान कार्यक्रमलाई कृषक तथा गाउँपालिकाकोसाझेदारीमा थप व्यवस्थित गरी सञ्चालन गरिनेछ ।

३) पशुपालनव्यवसायलाई प्रोत्साहन गर्न पशुपालक कृषकहरुलाई अनुदानमा घाँसको विउ उपलब्धगराईनेछ । ।

४) प्राणघातक रेविज रोगवाट सामुदायिक कुकुरहरुको संख्या न्यून गर्न रेविज भ्याक्सिनेशन तथा कुकुरवन्ध्याकरण कार्यक्रम सञ्चालन गरिनेछ ।उनन्नतजातका पशुपक्षी विकास कार्यक्रमलाई निरन्तरता दिईने छ । सहभागीतामा आधारीत अनुदानकार्यक्रमलाई निरन्तरता दिईनेछ ।

५) गाउँपालिकामा मस्त्यपालन गर्ने व्यवसायलाई र कृषकलाई प्रोत्साहान तथा प्रविधिक सहयता प्रदान गरिनेछ ।

६) उत्पादनमा आधारित अनुदान कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७) पशुविमा कार्यक्रमलाई अझ प्रभावकारी बनाईनेछ ।

**ग)** <u>श्रम, रोजगार, उद्योग तथा वाणिज्य, पर्यटन, सहकारी र वित्तीय क्षेत्र सम्बन्धी नीति</u>

१) बंगलाचुली गाउँपालिकाका बेरोजगार युवाहरुका लागि सीपयुक्त र स्वरोजगारमूलक कार्यक्रमलाई निरन्तरता प्रदान गरिनेछ ।बेरोजगार रहेका युवाहरुलाई सिपमुलक व्यवसायिक तालिम सञ्चालन गरिनेछ ।

२) वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित तथा व्यवस्थित गराउन पहल गरिने छ। त्यसकालागि सुरक्षित आप्रवासन कार्यक्रमलाई संघ,प्रदेश र स्थानिय तहको साझेदारीमाव्यवस्थित ढंगले सञ्चालन गरिनेछ ।

३) गाउँपालिकाका बासिन्दालाई वैदेशिक रोजगार लक्षित सीप, जीवन बिमा, सामाजिकसुरक्षासहित गाउँपालिकाबाट श्रम स्वीकृति गराई वैदेशिक रोजगारीमा जाने व्यवस्थामिलाइनेछ ।

४) बढ्दो आत्महत्या, मानसिक रोग तथा परिवारिक विखण्डन रोक्न विद्यालय तथा समुदायमा मनोसामाजिक सचेतना कार्यक्रम सञ्चालन गरिनेछ। साथै मनोसामाजिक परामर्श सेवालाई व्यवस्थित गर्न तर्जुमा भएको मनोसामाजिक तथा मानसिक स्वास्थ्य नीतिलाई प्रभावकारी रुपमा लागू गरिनेछ ।

५) गाउँपालिकामा लघु उद्यम विकास कार्यक्रम कार्यविधि २०७७ अनुसार लघु उद्यम विकास कार्यक्रम समुदायको इच्छा चाहना र माग स्रोत सर्वेक्षणको आधारमा सञ्चालन गरी नयाँ उद्यमी सिर्जना र पुराना उद्यमीको स्तरोन्नती तालिम मार्फत गरिबी निवारण गर्न पहल गरिनेछ ।

६) राष्ट्रिय रोजगार कार्यक्रमलाई थप प्रभावकारी बनाउदै सञ्चालन गरिनेछ ।पालिकाभित्रका वेरोजगार यूवाहरुलाई सिटिइभिटीसँगको सहकार्यमा आवश्यकताको आधारमा विभिन्न तालिम दिई दक्ष जनशक्ति बाहिरबाट झिकाउनु पर्ने अवस्थाको अन्त्यका लागि विभिन्न कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

७) साना तथा मझौला उद्योग सञ्चालकहरुसँग सम्वाद गरी उत्पादन वृद्धि र रोजगारी सिर्जनाका लागि आवश्यक साझेदारी गरिनेछ ।बंगलाचुली गाउँपालिकाभित्र रहेका सेवा प्रदायक संस्थाहरुलाई सामाजिक सुरक्षा कोषमा आवद्धताका लागि पहल गरिनेछ ।

८) 'पार्क' तथा खुल्ला क्षेत्र निर्माणको अवधारणालाई निरन्तरता दिइनेछ । बंगलाचुली गाउँपालिकाको रमणीय दृश्यावलोकनको गन्तव्यको रुपमा विकास गर्ने काम गरिनेछ ।

९) गाउँपालिकास्तरिय सहकारीहरुको नियमित तथा सघन अनुगमन गरिनेछ । सहकारीको व्यवस्थित रुपमा सञ्चालनका लागि कोपोमिस प्रणालीको अवलम्बनलाई अनिवार्य गराइनेछ ।

१०) पालिकाभित्र रहेका ऐतिहासिक गढीलेक, बंगलाचुली पार्क,धिमधिमे लेक,उजा वागेस्वरी मन्दिर जस्ता धार्मिक, पर्यटकिय क्षेत्र संरक्षण, संवर्धन र विकास कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

११) वनमा आधारित उद्योग स्थापनाका लागि सामुदायिक वन र स्थानीय सरोकारवालाहरुको साझेदारी कार्यक्रम सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

१२) स्थानीय रुपमा उपलब्ध हुने सुगन्धित तथा औषधीजन्य जडिबुटीको पहिचान, प्रशोधन तथा बजारिकरणको नीति अवलम्बन गरिनेछ ।

१३) बैंक, वित्तीय तथा नाफामूलक संस्थाहरुद्धारा प्रदान गरिने सामाजिक उत्तरदायित्वको कार्यलाई पालिकाको समन्वयमा कार्यान्वयन गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

<u>भौतिक पूर्वाधार तर्फ</u>

बंगलाचुली गाउँपालिकाको समग्र विकासका लागि भौतिक पूर्वाधारको दिगो, गुणस्तरीय तथा समावेशी विकास अपरिहार्य रहेको छ। सडक, खानेपानी, सिँचाइ, पुल, भवन, बस्ती विकास तथा सार्वजनिक सेवा प्रवाहसँग सम्बन्धित पूर्वाधारको विकासले आर्थिक, सामाजिक तथा मानवीय विकासका सूचकहरूमा प्रत्यक्ष प्रभाव पार्दछ। गाउँपालिकाको भौगोलिक विकटता, छरिएर रहेका बस्तीहरू, प्राकृतिक स्रोतहरूको संरक्षण तथा जलवायु परिवर्तनका चुनौतीलाई ध्यानमा राख्दै पूर्वाधार विकासलाई योजनाबद्ध, वातावरणमैत्री, दिगो र परिणाममुखी बनाउने उद्देश्यले यो पूर्वाधार नीति तर्जुमा गरिएको हो ।

क) <u>खानेपानी तथा सरसफाइनिति</u>

१) "एक घर, एक धारा" कार्यक्रमलाई गाउँपालिकाको प्रमुख गौरवको आयोजनाका रूपमा प्रभावकारी कार्यान्वयन गरिनेछ।

२) संघीय सरकार, प्रदेश सरकार तथा विकास साझेदार संस्थासँगको सहकार्यमा सुरक्षित र दिगो खानेपानी आयोजनाहरू निर्माण तथा विस्तार गरिनेछ।

३) आवश्यकता तथा सम्भाव्यता अध्ययनका आधारमा लिफ्ट खानेपानी आयोजनालाई प्राथमिकताका साथ कार्यान्वयन गरिनेछ।

४) निर्माणाधीन तथा क्रमागत लिफ्ट खानेपानी आयोजनाहरू निर्धारित समयभित्र सम्पन्न गर्न विशेष पहल गरिनेछ।

५) खोला, सोता, झरना, जरुवा, तालतलैया, सिमसार तथा अन्य जलस्रोतहरूको संरक्षण, संवर्द्धन र दिगो उपयोगमा जोड दिइनेछ।

६) खानेपानी योजनाको नियमित मर्मत, सञ्चालन तथा व्यवस्थापनका लागि उपभोक्ता समितिको क्षमता अभिवृद्धि गरिनेछ।

७) पालिकाका सम्पूर्ण खानेपानी आयोजनाहरुको उपभोक्ता समिति निर्माण गरी विधान बमोजिम संचालन गराउने निति लिएकोछ । र निर्माण सम्पन्न भएका आयोजनाहरु समितिलाई हस्तान्तरण गरिनेछ।

**ख) <u>सडक तथा यातायात पूर्वाधार निति</u>**

१. गाउँपालिकाको अद्यावधिक सडक यातायात गुरुयोजनाको आधारमा सडक पूर्वाधार विकास गरिनेछ ।

२. वडा नं. २ मर्पेसखाडा–पुरुङछेडा–फाँटा–बागी–काभ्रे–पन्तटोल–श्रीवारी–दाङबाङ–भुटनेटा–मुर्कुटी–घरीचौर–लाहापे–कोइराले–विर्खे–बगरखुट्टी–ठूलोगैरा–झुन्डी–सालबास–हाँसीपुर–मुलाबारी–गहतेरा–जौंलेवाद जोड्ने बंगलाचुली रिङ रोडलाई गाउँपालिकाको गौरवको आयोजनाका रूपमा विकास तथा स्तरोन्नति गरिनेछ।

३. हालसम्म सडक पहुँच नपुगेका बस्ती तथा टोलहरूमा प्राथमिकताका आधारमा सडक सञ्जाल विस्तार गरिनेछ। स्थानीय सडकहरूलाई क्रमशः बाह्रै महिना सञ्चालनयोग्य बनाउन स्तरोन्नति तथा आवश्यक संरचना निर्माण गरिनेछ।

४. निर्माण भइसकेका सडकहरूको नियमित मर्मत, सम्भार तथा सुधारका लागि वार्षिक मर्मत योजना कार्यान्वयन गरिनेछ। संघीय तथा प्रदेश सरकारसँग समन्वय गरी घोराही–मुर्कुटी सडकको पुनःस्तरोन्नति तथा दिगो व्यवस्थापनका लागि पालिकास्तरबाट पहल गरिनेछ।

५. औद्योगिक प्रयोजनका भारी सवारी साधनहरूको प्रभाव न्यूनीकरण गर्न आवश्यक वैकल्पिक मार्गको व्यवस्था गर्न पहल गरिनेछ।

६. नागरिकको पहुँच विस्तार गर्न आवश्यक स्थानहरूमा झोलुङ्गे पुल निर्माणलाई निरन्तरता दिइनेछ। नदी तथा खोल्सी भएका जोखिमयुक्त क्षेत्रमा पुल, कल्भर्ट तथा पुलपुलेसा निर्माणलाई प्राथमिकता दिइनेछ।

**ग) <u>सिँचाइ तथा जलस्रोत व्यवस्थापन निति</u>**

१) कृषि उत्पादन वृद्धि तथा खाद्य सुरक्षाका लागि सिँचाइ पूर्वाधार विस्तार गरिनेछ।

२) सम्भावित क्षेत्रमा साना, मझौला तथा लिफ्ट सिँचाइ आयोजना सञ्चालन गरिनेछ।

३) जलस्रोत संरक्षण तथा पुनर्भरणका कार्यक्रमसँग सिँचाइ विकासलाई एकीकृत गरिनेछ।

४) रणनीतिक सिँचाइ आयोजनाहरूलाई बहुवर्षीय योजनाका रूपमा कार्यान्वयन गरिनेछ।

**घ) <u>सुरक्षित बस्ती तथा आवास विकास निति</u>**

१) संघीय सुरक्षित नागरिक आवास कार्यक्रमलाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ।

२) विपद् जोखिमयुक्त क्षेत्रको पहिचान गरी सुरक्षित आवास तथा बस्ती व्यवस्थापन कार्यक्रम सञ्चालन गरिनेछ।

३) सार्वजनिक भवन तथा आवास निर्माणमा अपांगमैत्री, बालमैत्री तथा वातावरणमैत्री मापदण्ड अवलम्बन गरिनेछ।

**ङ) <u>सार्वजनिक पूर्वाधार निर्माण तथा व्यवस्थापन निति</u>**

१) विद्यालय, स्वास्थ्य संस्था, कृषि सेवा केन्द्र, सामुदायिक भवन तथा अन्य सार्वजनिक पूर्वाधारको आवश्यकता अनुसार निर्माण तथा स्तरोन्नति गरिनेछ।

२) आधुनिक प्रविधि, विशेष उपकरण तथा दक्ष जनशक्ति आवश्यक पर्ने पूर्वाधार आयोजनाहरू प्रतिस्पर्धात्मक ठेक्का प्रक्रियामार्फत कार्यान्वयन गरिनेछ।

३) श्रममा आधारित आयोजनाहरू उपभोक्ता समितिमार्फत सञ्चालन गरिनेछ।

४) सार्वजनिक संरचनाको नियमित निरीक्षण, अभिलेखीकरण तथा मर्मत सम्भार प्रणाली विकास गरिनेछ।

**च) भौतिक पूर्वाधार निर्माणमा सहभागिता, समावेशिता तथा सुशासन निति**

१) योजना सम्झौता तथा कार्यान्वयन प्रक्रियामा स्थानीय सहभागितालाई निरन्तरता दिइनेछ।

२) उपभोक्ता समितिमा दलित, महिला तथा विपन्न समुदायको अर्थपूर्ण सहभागिता सुनिश्चित गरिनेछ।

३) उपभोक्ता समितिहरूमा कम्तीमा ३३ प्रतिशत महिला प्रतिनिधित्व अनिवार्य गरिनेछ।

४) लागत साझेदारीमा सञ्चालन हुने आयोजनामा टोल विकास संस्था तथा स्थानीय समुदायलाई प्राथमिकता दिइनेछ।

५) योजना कार्यान्वयनमा पारदर्शिता, सार्वजनिक सुनुवाइ, सामाजिक परीक्षण तथा नियमित अनुगमनलाई संस्थागत गरिनेछ।

**छ) पूर्वाधारको दिगोपना तथा गुणस्तर व्यवस्थापन निति**

१) निर्माण सम्पन्न भएका पूर्वाधारहरूको नियमित मर्मत सम्भारलाई अनिवार्य कार्यका रूपमा लागू गरिनेछ।

२) प्रत्येक पूर्वाधार आयोजनाको सञ्चालन तथा मर्मत योजना निर्माण गरिनेछ।

३) गुणस्तर सुनिश्चितताका लागि प्राविधिक परीक्षण, अनुगमन तथा मूल्यांकन प्रणालीलाई सुदृढबनाइनेछ।

४) जलवायु परिवर्तन, वातावरणीय प्रभाव तथा विपद् जोखिमलाई ध्यानमा राखी पूर्वाधार डिजाइन तथा निर्माण गरिनेछ।

५) गौरवका आयोजना तथा रणनीतिक पूर्वाधारको प्रभावकारी सञ्चालन र व्यवस्थापनलाई उच्च प्राथमिकता दिइनेछ।

**ज) भौतिक पूर्वाधार योजनाहरुमा बजेट व्यवस्थापन सम्बन्धि निति**

१) संघ, प्रदेश तथा स्थानीय तहबीच समन्वय र सहकार्य सुदृढ गरिनेछ।

२) विकास साझेदार, निजी क्षेत्र तथा समुदायसँग साझेदारी विस्तार गरिनेछ।

३) बहुवर्षीय योजना प्रणाली अवलम्बन गरिनेछ।

४) नियमित अनुगमन, मूल्यांकन तथा सार्वजनिक प्रतिवेदन प्रणाली लागू गरिनेछ।

५) सूचना प्रविधिमा आधारित पूर्वाधार व्यवस्थापन प्रणाली विकास गरिनेछ।

**झ) उर्जा तथा विद्युतिकरण तर्फ**

१) यस गाउँपालिका क्षेत्रभित्र पूर्ण विद्युतीकरणका लागि उच्च प्राथमिकताका साथ निम्नलिखित कार्यक्रमहरु अगाडि बढाइने छ ।

२) बंगलाचुली गाउँपालिकाको बचेनीमा निर्माणाधिन ३३ केभिएको विद्युत सव स्टेसनको काम सम्पन्न गर्नका लागि निरन्तर पहल,समन्वय र सहकार्य गरिनेछ ।

३) राष्ट्रिय विद्युत प्रसारण सञ्जालमा हालसम्म नजोडिएका दुर्गम गाउँहरुलाई जलविद्युत, सौर्य उर्जा, बायोग्यास, वायु उर्जा लगायतका वैकल्पिक उर्जामार्फत विद्युतिकरणका लागि एकीकृत योजना तयार गरी कार्यान्वयनमा ल्याइनेछ ।

४) हाम्रो वाँकी कार्यकाल भित्र यस गाउँपालिकाको सम्पूर्ण स्थानलाई विद्युत्तिकरणमा जोडिने छ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

**वन, वातावरण तथा विपद व्यवस्थापन तर्फ**

वन, वातावरण तथा विपद व्यवस्थापनका लागि निम्न कार्य अगाडि बढाइने छः

१)	गाउँपालिकामा विपद जोखीमलाई न्यूनिकरण गर्नका लागि पालिकाभित्रका सम्भावित जोखिमको नक्साङ्कन गरी प्रभावकारी योजना निर्माण गरी प्राथमिकताको आधारमा संघ तथा प्रदेश सरकारसँग योजना कार्यक्रम माग गरी कार्यान्वियन गरिनेछ ।

२)	सामुदायिक, निजी,धर्मीक र कवुलेयती वनको व्यवस्थापन कार्ययोजना बनाई कार्यान्वयन गरिनेछ । जैविक विविधता र वन सम्पदाको अभिलेख तयार गरी संरक्षण योजना लागू गरिनेछ ।

३)	सडक निर्माण तथा प्राकृतिक उत्खनन कार्य गर्दा वातावरण प्रभाव मूल्याङ्कन गरी वातावरण जोगाउन उचीत उपाय अवलम्बन गरिनेछ ।

४)	मनसुनजन्य बाढी पहिरोबाट क्षती भई कटान भएका खेतीयोग्य जमिन संरक्षणको लागि तटबन्धनको व्यवस्था मिलाइनेछ ।

५)	विपदबाट उत्पन्न हुनसक्ने असहज परिस्थितिको आंकलन गरी जोखिम न्यूनीकरणको लागि पालिकामा गठन भएको Rapid response team लाई अझ प्रभावकारी ढंगले परिचालन गरिनेछ ।

६)	नदी कटानको जोखिम न्यूनिकरण गरी बस्ती तथा खेतियोग्य जमीनको सुरक्षाको लागि कटानयुक्त क्षेत्रमा प्रदेश तथा संघीय सरकारसँगको समन्वयमा तटबन्ध निर्माणको कार्यलाइ प्राथमिकता दिइनेछ ।

७)	स्थानीय विपद जोखिम न्यूनिकरण रणनीतिक कार्ययोजना, विपद पूर्वतयारी तथा प्रतिकार्य योजनाका आधारमा साझेदारहरुसँग सहकार्य गरी जोखिमलाई न्यूनिकरण गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

८)	आगलागीका घटनाहरु रोकथाम गर्नका लागि प्रयास गरिनेछ ।विपद व्यवस्थापनका लागि एक वडा एक खुला एव सुरक्षित क्षेत्र पहिचान गरिनेछ ।खोज,उद्धार, राहत र पुनस्थापनका कार्यहरुमा एकद्धार प्रणाली अवलम्बन गरिनेछ ।

९)	सामुदायिक वनलाई आयमूलक रुपमा विकास गरी आय र योजना तर्जुमा प्रक्रियामा आबद्ध गरिनेछ । विभिन्न संघ सँस्था तथा टोल विकास सँस्था, सामुदायिक वनहरुको सहभागितामा भू– क्षय तथा विपदलाई मध्यनजर गरी बृक्षारोपण र तारवार गर्ने गरी व्यवस्था मिलाइनेछ।

१०)	स्थानीय आपतकालिन कार्य संचालन केन्द्र स्थापना गरी संचालनमा ल्याइनेछ ।प्राकृतिक विपदबाट हुने भौतिक तथा मानविय क्षतीलाई मध्यनजर गर्दै गाउँपालिकाले प्रदान गर्दै आएको राहतलाई निरन्तरता दिईनेछ।

११)	गाउँपालिकाको भौगोलिक विशिष्टतालाई मध्यनजर गर्दै विपद् व्यवस्थापनका लागि स्थानीय तह, सुरक्षा निकाय र संघसंस्थासँगको समन्वय तथा सहकार्यलाई प्रभावकारी बनाइनेछ साथै विपद् ब्यवब्थापन कोषमा पर्याप्त बजेटको ब्यवस्था गरिनेछ।

<u>क) भूमि व्यवस्थापन तर्फ</u>

१)	कृषियोग्य जमिन बाँझो राख्ने प्रवृतिलाई निरुत्साहित गर्दै भूमि बैंकको प्रणाली मार्फतबाँझो जमिनलाईउत्पादन कार्यमा उपयोग गर्न युवा, महिला, भूमिहीन तथा सिमान्तकृतकिसानको पहुँच सुनिश्चित गरिनेछ ।

२)	स्थानीय तहबाट जग्गा प्रशासन सेवा सञ्चालन गर्न आवश्यक प्रकृया अघी बढाईनेछ ।भूमिहिन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवास्थित बसोबासीहरुको व्यवस्थापनको लागी जिल्ला भूमि समस्या समितिको समन्वयमा आवश्यक काम कार्वाही सम्पन्नकरिनेछ।

३)	बंगलाचुली गाउँपालिका भित्र रहेका सरकारी, सार्वजनिक जग्गाको अतिक्रमण हुन नदिन लगतसंकलन तथा सर्वेक्षण गरी संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ ।

४)	कृषिको व्यवसायिकरण तथा यान्त्रीकरणलाई जोड दिई भूमिको अधिकतम उपयोग गरी कृषिउत्पादन बढाई खाद्य सुरक्षा सुनिश्चित गर्न जग्गाधनीहरुको सहभागितामा आधारितचक्लाबन्दी कार्यक्रम लागु गर्न किसान प्रोत्साहन कार्यक्रम अवलम्वन गरिनेछ ।

५)	भूमीहिन दलित, भूमीहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीको पहिचान गरीजग्गाधनी पुर्जा वितरणका लागि आवश्यक पहल गरिनेछ ।

**गाउँसभाका सदस्यज्यूहरु,**

<u>सार्वजनिक सेवा प्रवाह तथा संस्थागत विकास र सुशासन तर्फ</u>

क०	<u>सार्वजनिक सेवा प्रवाह</u>

बंगलाचुली गाउँपालिकाको सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज, गुणस्तरीय र प्रभावकारी एवं जनमुखी बनाउन **"तिब्र विकास, शिघ्र सेवा"** कार्यक्रम मार्पत देहाय अनुसारका नीति तथा कार्यक्रमहरु तय गरेको छु।

१)	सार्वजनिक सेवा प्रवाहलाई छिटो, सरल, पारदर्शी, प्रविधिमैत्री र नागरिकमैत्री बनाइनेछ। "तीव्र विकास, शीघ्र सेवा" अभियानमार्फत सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरिनेछ।

२)	कर्मचारी तथा जनप्रतिनिधिमा सदाचार, अनुशासन र उत्तरदायित्वको संस्कृतिको विकास गरिनेछ। स्वीकृत दरबन्दी अनुसार आवश्यक जनशक्ति व्यवस्थापन गरी सेवा प्रवाह प्रभावकारी बनाइनेछ।

३)	नागरिक गुनासो व्यवस्थापन तथा सुनुवाइ प्रणालीलाई थप व्यवस्थित र प्रभावकारी बनाइनेछ। वडा कार्यालयलाई आधारभूत सेवा प्रवाहको केन्द्रका रूपमा सुदृढ बनाइनेछ।

४)	सार्वजनिक सुनुवाइ, सार्वजनिक परीक्षण तथा सामाजिक परीक्षणलाई नियमित गरिनेछ। सार्वजनिक प्रशासनमा नीतिगत, कानुनी, संस्थागत तथा प्रक्रियागत सुधारलाई निरन्तरता दिइनेछ।

५)	गाउँपालिकाका सम्पूर्ण औपचारीक क्षेत्रका करारका कर्मचारीहरुलाई प्रचलित कानुन बमोजिम सामाजिक सुरक्षा कोषमा आवद्ध गरीने छ। साथै नेपाल सरकारले तोकेको मापदण्डका आधारमा रही करारका कर्मचारीहरुको आवश्यक वृद्धिविकास र पारिश्रमिक लगाएतका सेवासुविधामा वृद्धी गरिनेछ।

६)	गाउँपालिकामा प्रत्येक महिनामा एक दिन नागरिकका गुनासा सुझाव र समस्या प्रत्यक्ष सुन्ने व्यवस्था गरिनेछ । बंगलाचुली गाउँपालिकामा हालसम्म निर्माण भएका सम्पूर्ण ऐन-कानुनलाई संहिताबद्ध गरीनागरिकको पहुँचमा पुर्‍याइनेछ ।

७)	यस गाउँपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखाका कर्मचारीहरुमा सदाचार पद्धति र आत्माअनुशासन लागु गरिनेछ । जनप्रतिनिधिको क्षमता विकासलाई विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

८)	विधिको शासन, उच्च अनुशासन र कुशल व्यवस्थापन मार्फत समग्र सुशासन कायम गर्नेनीति अवलम्बन गरिनेछ । गाउँपालिकाबाट वर्षभरी उत्कृष्ट कार्य गर्ने कर्मचारी, शिक्षक, स्वास्थ्यकर्मी, उपभोक्तासमिति, निर्माण व्यवसायी, करदाता, सञ्चारकर्मी, कृषक, टोल विकास संस्था र नमुनाउद्यमी लगायतकालाई विशेष अवसर पारेर सम्मान गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

९)	सार्वजनिक सेवा प्रवाहलाईप्रभावकारी बनाउँदै जनताको घरदैलोमा सेवा पुर्याउने उद्देश्यकासाथ गाउँपालिकालेप्रदान गर्ने सबै प्रकारका सेवाहरु समेटी एकीकृत घुम्ती शिविर सञ्चालन गरिनेछ ।

ख)	<u>डिजिटल सुशासन तथा सूचना प्रविधि</u>

१)	पालिकालाई स्मार्ट, सक्षम र जनमैत्री बनाउने लक्ष्यसहित सूचना तथा सञ्चार प्रविधिमाआधारित एकीकृत शासन प्रणाली विकास गरी सेवा प्रवाहलाई सरल, पारदर्शी रप्रभावकारी बनाइनेछ ।

२)	भौगोलिक सूचना प्रणाली (GIS) मार्फत योजना तर्जुमालाईवैज्ञानिक, कृत्रिम बौद्धिकता (AI) मार्फत सार्वजनिक सेवालाई द्रुत र गुणस्तरीय, साइबरसुरक्षामार्फत नागरिकका डिजिटल तथ्याङ्कलाई सुरक्षित तथा डिजिटल साक्षरताकार्यक्रम मार्फत प्रत्येक नागरिकलाई डिजिटल युगको सक्रिय सहभागी बनाइने छ ।

३)	व्यवसाय दर्ता, नवीकरण, कर संकलन, अपाङ्गता परिचयपत्र तथा ज्येष्ठ नागरिक परिचयपत्र वितरणलाई क्रमशः डिजिटल प्रणालीमा आबद्ध गर्ने कार्य गरिनेछ ।

४) बंगलाचुली गाउँपालिकाले सम्पन्न गरेका योजना तथा अन्य उदाहरणिय विभिन्न क्षेत्रका कामलाई भिडियो वृतचित्र तथा भिडियो क्लिपहरु निर्माणगरि सार्वजनिक गरिनेछ ।

५) बंगलाचुली गाउँपालिकालाई क्रमशः विद्युतीय शासन प्रणाली (E-Governance) मा रूपान्तरण गरिनेछ।

ग) <u>सूचना, सञ्चार तथा मिडिया विकास</u>

१) बंगलाचुली गाउँपालिका द्वारा संचालित"रेडियो बंगलाचुली ९१.७ मेगाहर्ज" लाई थप व्यवस्थित, प्रभावकारी र प्रविधिमैत्री बनाइनेछ।रेडियोमा कार्यरत कर्मचारीका लागि प्रविधिमैत्री तालिमको व्यवस्था गरिनेछ ।

२) गाउँपालिकाको सूचना, सञ्चार तथा विज्ञापन व्यवस्थापनका लागि छुट्टै विज्ञापन नीति लागू गरिनेछ।बंगलाचुलीलाई मिडियामैत्री गाउँपालिकाको रूपमा विकास गर्न नेपाल पत्रकार महासंघ दाङ शाखा तथा विभिन्न सञ्चारमाध्यमसँगसहकार्य गरिनेछ।

३) बंगलाचुली गाउँपालिकाबाट लामोसमय पत्रकारिता गरिरहेका संचारकर्मी तथा पत्रकारलाई प्रोत्साहान गर्नपालिकाबाट विशेष सहायता प्रदान गरिने छ।

४) सञ्चारकर्मीको क्षमता विकास तथा दक्ष जनशक्ति उत्पादनका लागि कार्यक्रम सञ्चालन गरिनेछ।गाउँपालिकाको वेबसाइट, सामाजिक सञ्जाल तथा सञ्चार माध्यममार्फत नागरिकसँग प्रत्यक्ष संवादलाई निरन्तरता दिइनेछ।

घ) <u>गैरसरकारी संस्था तथा निजी क्षेत्र व्यवस्थापन</u>

१) गाउँपालिकाको विकास आवश्यकताअनुसार गैरसरकारी तथा निजी क्षेत्रसँग सहकार्य गरिनेछ। गैरसरकारी संस्थाको अनुगमन, नियमन र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी बनाइनेछ।

२) गैरसरकारी संस्थाले सञ्चालन गर्ने कार्यक्रमलाई पालिकाको आवश्यकता र प्राथमिकतासँग आबद्ध गरिनेछ।

३) विकास साझेदार तथा निजी क्षेत्रका कार्यक्रम गाउँसभाबाट जानकारी गराई समन्वित रूपमा सञ्चालन गर्ने व्यवस्था गरिनेछ।

<u>राजस्व तथा आर्थिक सुशासन</u>

१) राजस्व प्रशासन प्रणालीलाई व्यवस्थित, पारदर्शी र सुदृढ बनाउन र राजस्व ऐनकार्यान्वयनका लागि आवश्यक कार्यविधि तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।राजस्व प्रशासनलाई पूर्ण रूपमा प्रविधिमैत्री र पारदर्शी बनाउन करदाता पहिचान,करयोग्य सम्पत्ति निर्धारण, आम्दानी तथा वस्तु र सेवाको मूल्याङ्कन, कर निर्धारण, करबिजक जारी, गुनासो व्यवस्थापन र कर भुक्तानी लगायतका समग्र राजस्व प्रशासन चक्रमा वैज्ञानिक तथा डिजिटल प्रणाली अवलम्बन गरिनेछ ।

२) आन्तरिक आम्दानी वृद्धि गर्न राजस्व सुधार योजनाको प्रभावकारी कार्यान्वयन गरिनेछ।चुनढुङ्गा, नदीजन्य पदार्थ तथा अन्य प्राकृतिक स्रोतबाट प्राप्त हुने राजस्वलाई व्यवस्थित गरिनेछ।

३) करदाता शिक्षामार्फत करको दायरा विस्तार र स्वचालित कर प्रणालीको विकास गरिनेछ।राजस्व चुहावट नियन्त्रण तथा कर प्रशासनलाई थप सुदृढ बनाइनेछ।दर्ता नभएका व्यवसायलाई कानुनी दायरामा ल्याई व्यवसायिक अभिलेखीकरण गरिनेछ।गाउँपालिकासँग आर्थिक कारोबार गर्ने निजी कम्पनी तथा फर्मलाई अनिवार्य रूपमा सूचीकृत गरिनेछ।

४) चालु खर्चमा मितव्ययिता अपनाई पुँजीगत खर्चलाई प्राथमिकता दिइनेछ।विनियोजनमा दक्षता, खर्चमा पारदर्शिता तथा निर्णय प्रक्रियामा जनसहभागिता सुनिश्चित गरिनेछ।गाउँपालिकाभित्र सञ्चालनमा रहेका

सिमेन्ट उद्योग तथा व्यवसायमा स्थानीय नागरिकलाई प्राथमिकताका साथ रोजगारी उपलब्ध गराउन पहल गरिनेछ।

५) राजस्व नीति कार्यान्वयन गर्न वार्षिक बजेट र कार्यक्रमलाई मार्गदर्शन गर्ने बजेटकासिद्धान्त र प्राथमिकता (Principles and Priorities) तथा गाँउपालिकाको स्रोत रसाधनको परिचालनलाई थप पारदर्शी र व्यवस्थित बनाउन वस्तुगत विश्लेषणकाआधारमा स्थानीय आर्थिक क्रियाकलाप बढाउने गरी बजेट विनियोजन गरिनेछ ।

६) राजस्व भुक्तानी प्रणालीलाई सुरक्षित, पारदर्शी र प्रविधिमैत्री बनाउन "शून्य नगदकारोबार" (Zero Cash Handling) को नीति अवलम्बन गरिनेछ । यस अन्तर्गतविद्युतीय (अनलाइन) माध्यमबाट कर तथा दस्तुर भुक्तानी गर्ने र सबै वडाकार्यालयहरूबाट अनिवार्य रूपमा अनलाइन रसिद जारी हुने एकीकृत व्यवस्थामिलाइनेछ ।

७) करदाता र स्थानीय सरकार बीचको सम्बन्धलाई सुमधुर बनाउन नागरिक समाज, निजीक्षेत्र, स्थानीय सङ्घ-संस्था तथा सम्बद्ध सरोकारवालाहरूसँग आपसी समन्वय कायमकरिनेछ । साथै, राजस्वको दायरा विस्तारका लागि सबैको सहभागितामा कर शिक्षा तथाकर सङ्कलन अभियान सञ्चालन गरिनेछ ।

८) नदीजन्य पदार्थको उत्खन्न संकलन तथा बिक्री वितरणलाई प्रचलित कानून अनुसार हुनेगरी प्रभावकारी रूपमा व्यवस्थित गरिनेछ ।चालु खर्चलाई मितव्ययी र वाञ्छित सीमाभित्र राखी पुँजीगत खर्चलाई प्राथमिकता प्राप्तक्षेत्रमा समयमै खर्च गर्ने प्रणालीको विकास गरिनेछ ।

९) बंगलाचुली गाउँपालिकामा व्यवसाय दर्ता भई नविरकरण नभएका व्यवसायीलाई आर्थिक वर्ष २०८३/०८४ को असार मसान्तसम्मका लागि नविकरणशुल्कमा शतप्रतिशत छुट गरी नविरकरणका लागि प्रोत्साहन गरिनेछ ।

## सम्भावना र चुनौतीबीच समृद्ध बंगलाचुली निर्माणको संकल्प

**गाउँसभाका सम्माननीय सदस्यज्यूहरू,**

हामी आज बंगलाचुली गाउँपालिकाको विकास यात्राको अर्को महत्वपूर्ण मोडमा उभिएका छौं। हाम्रो सामुन्ने अथाह सम्भावनाहरू छन् भने केही जटिल चुनौतीहरू पनि छन्। यी चुनौतीहरूलाई अवसरमा रूपान्तरण गर्दै समृद्ध, आत्मनिर्भर, न्यायपूर्ण र सुशासित बंगलाचुली निर्माण गर्नु हाम्रो साझा जिम्मेवारी र ऐतिहासिक दायित्व हो।

हाम्रा उर्वर जमिनहरु, प्रशस्त जलस्रोत, प्राकृतिक सम्पदा, जैविक विविधता, मेहनती किसान, ऊर्जाशील युवा र समृद्ध सांस्कृतिक पहिचान बंगलाचुलीका अमूल्य सम्पत्ति हुन्। कृषि, पशुपालन, माछापालन, दुग्ध उत्पादन तथा जडीबुटी खेतीलाई आधुनिक प्रविधिसँग जोडेर उत्पादन वृद्धि, प्रशोधन र बजारीकरणको सशक्त आधार तयार गर्न सकेमा बंगलाचुलीलाई आत्मनिर्भर अर्थतन्त्रतर्फ अग्रसर गराउन सकिन्छ। यसका लागि सिँचाइ, गुणस्तरीय बीउ, मल, कृषि प्रविधि र बजार पहुँचको सुनिश्चितता अपरिहार्य छ।

हामीले समाजका सबै वर्ग, क्षेत्र र समुदायको सम्मानजनक सहभागिता सुनिश्चित गर्नुपर्छ। सहिद परिवार, बेपत्ता परिवार, घाइते तथा द्वन्द्वपीडित, आदिवासी जनजाति, दलित, महिला, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा पछाडि पारिएका समुदायको अधिकार, सम्मान र अवसर सुनिश्चित गर्दै समावेशी विकासलाई व्यवहारमा उतार्न आवश्यक छ। विकासको प्रतिफल प्रत्येक नागरिकसम्म समान रूपमा पुग्नु नै हाम्रो सफलताको मापन हुनेछ।

बंगलाचुलीका धार्मिक, सांस्कृतिक र प्राकृतिक सम्पदाहरू पर्यटन विकासका सम्भावनायुक्त आधारहरू हुन्। यी सम्पदाहरूको संरक्षण, प्रवर्द्धन र प्रचारप्रसारमार्फत स्थानीय रोजगारी सिर्जना गर्दै आर्थिक गतिविधिलाई थप

गतिशील बनाउन सकिन्छ। पर्यटन केवल भ्रमणको विषय होइन, यो स्थानीय अर्थतन्त्रलाई बलियो बनाउने माध्यम पनि हो।

स्वच्छ र सुरक्षित खानेपानी प्रत्येक नागरिकको मौलिक अधिकार हो। त्यसैले संघ, प्रदेश र स्थानीय सरकारको सहकार्यमा "एक घर, एक धारा" अभियानलाई प्रभावकारी रूपमा अगाडि बढाउनेकामलाई निरन्तर्ता दिनु आजको आवश्यकता बनेको छ। यससँगै शिक्षा र स्वास्थ्य जस्ता आधारभूत सेवाको गुणस्तर अभिवृद्धि गरी नागरिकको जीवनस्तर उकास्न निरन्तर प्रयत्न आवश्यक छ।

हाम्रा युवाहरू देशको भविष्य मात्र होइनन्, वर्तमानका प्रमुख शक्ति पनि हुन्। समयानुकूल दक्ष जनशक्ति उत्पादन गर्न प्राविधिक, व्यवसायिक तथा सीपमूलक शिक्षामा विशेष जोड दिनुपर्छ। युवाहरूलाई स्वरोजगार, उद्यमशीलता र उत्पादनशील क्षेत्रमा आकर्षित गर्न सके मात्र वैदेशिक पलायन घटाउन र स्थानीय समृद्धिको आधार निर्माण गर्न सकिन्छ।

सामाजिक एकता, सद्भाव र पारिवारिक मूल्य मान्यतामाथि विभिन्न विकृति र विसंगतिहरूले चुनौती खडा गरिरहेका छन्। लागुऔषध दुर्व्यसन, घरेलु हिंसा, बालविवाह, बहुविवाह, सामाजिक सञ्जालको दुरुपयोग तथा अनावश्यक तडकभडकले समाजलाई कमजोर बनाइरहेको छ। त्यसैले समाज सुधारका अभियानलाई समुदायस्तरसम्म विस्तार गरी सभ्य, सुरक्षित र संस्कारित समाज निर्माणमा सबैको सक्रिय सहभागिता आवश्यक छ।

पूर्वाधार विकासका क्षेत्रमा पनि अझै धेरै काम गर्न बाँकी छ। वर्षायाममा अवरुद्ध हुने सडकलाई बाह्रै महिना सञ्चालनयोग्य बनाउने, खानी प्रभावित क्षेत्रको उचित व्यवस्थापन गर्ने, ठूला तथा गौरवका आयोजनाहरू समयमै सम्पन्न गर्ने तथा विपद् जोखिम न्यूनीकरणका लागि पूर्वतयारीलाई सुदृढ बनाउने हाम्रो प्राथमिकता रहनेछ।

गाउँपालिकाको आन्तरिक आम्दानी वृद्धि गरी आर्थिक आत्मनिर्भरता हासिल गर्नु अर्को महत्वपूर्ण चुनौती हो। राजस्व प्रशासन सुधार, सम्भावनाको पहिचान तथा प्रभावकारी व्यवस्थापनमार्फत वित्तीय सुदृढीकरण गर्दै विकासका कार्यक्रमलाई थप प्रभावकारी बनाइनेछ।

**गाउँसभाका सदस्यज्यूहरू,**

आज हामीले निर्माण गरेका नीति तथा कार्यक्रमहरू केवल कागजमा सीमित रहने दस्तावेज होइनन्; यी बंगलाचुलीको भविष्य निर्माण गर्ने मार्गचित्र हुन्। यी योजनाहरूमा हाम्रा किसानका सपना छन्, युवाका आकांक्षा छन्, आमाबुवाका आशा छन्, श्रमिकका पसिना छन् र समग्र बंगलाचुलीको समृद्ध भविष्यको चित्र अंकित छ।

यस गाउँपालिकालाई आजको अवस्थासम्म पुऱ्याउन महत्वपूर्ण योगदान दिनुहुने सम्पूर्ण सरकारी तथा गैरसरकारी संघसंस्था, विकास साझेदार, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी, राष्ट्रसेवक कर्मचारी, राजनीतिक दल तथा सम्पूर्ण बंगलाचुलीवासी दाजुभाइ तथा दिदीबहिनीहरूप्रति म हार्दिक कृतज्ञता व्यक्त गर्दछु। नीति तथा कार्यक्रम निर्माणका क्रममा प्राप्त भएका बहुमूल्य सुझाव, सल्लाह र रचनात्मक आलोचनाले हामीलाई अझ जिम्मेवार र उत्तरदायी बनाएको छ।

हामीलाई थाहा छ, विकास कुनै एक व्यक्ति, संस्था वा नेतृत्वले मात्र सम्भव हुँदैन। विकासका लागि साझा प्रतिबद्धता, सामूहिक प्रयास र सहकार्यको संस्कृति आवश्यक हुन्छ। त्यसैले राजनीतिक दल, सामाजिक संघसंस्था, सञ्चार क्षेत्र, निजी क्षेत्र, बुद्धिजीवी, युवा, महिला तथा सम्पूर्ण नागरिकको सक्रिय सहयोग र सहभागिताको अपेक्षा गर्दछु।

हामी सबै मिलेर बंगलाचुलीलाई अवसरको भूमि, उत्पादनको केन्द्र, सुशासनको नमूना र समृद्धिको आधारभूमि बनाउन सक्छौं। यही विश्वास, यही संकल्प र यही प्रतिबद्धताका साथ प्रस्तुत नीति तथा कार्यक्रम सफल कार्यान्वयनमा सबैको साथ, सहयोग र सहभागिताको हार्दिक अपेक्षा गर्दछु।

अन्त्यमा, स्वदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण बंगलाचुलीवासीहरूलाई आफ्नो गाउँको विकास र समृद्धिको यात्रामा निरन्तर साथ दिन हार्दिक आह्वान गर्दछु। हाम्रो साझा प्रयासले अवश्य पनि समृद्ध, आत्मनिर्भर, सुशासित र गौरवशाली बंगलाचुली निर्माण हुनेछ भन्ने पूर्ण विश्वास व्यक्त गर्दछु। धन्यवाद।

प्रस्तुत कर्ता
तुल्सीराम पुन मगर
अध्यक्ष
मिति :- २०८३ असार ०९ गते